सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



क्षीरेश्वरनाथ नगर पालिकाको आयोजनामा नगर स्तरीय अन्तर वडा क्रिकेट प्रतियोगिता सुरु पेज २ मा

♦ वर्ष ७ ♦ अंक ७० ♦ २०८० साल मंसीर ९ गते शनिवार ♦ 25 Nov 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## जनकपुर न्यूरो हस्पिटलमा बालक मृत्यु घटना प्रकरण : प्रहरीकै रोहबरमा १० लाखमा मिलापत्र भएपछि उठ्यो लास

**खबर दर्पण समाचारदाता**

**मंसीर ८ गते, महेन्द्रनगर**

जनकपुर न्यूरो हस्पिटलमा भएको बालक मृत्यु प्रकरण घटना प्रहरीकै रोहवरमा १० लाख रुपैयाँमा मिलापत्र गरिएको खुलेको छ । बिहीबार मध्यराति प्रहरीकै रोहबरमा मृतक परिवार र हस्पिटल पक्षबीच १० लाख रुपैयाँ क्रियाखर्च दिने सर्तमा सहमति भएको हो ।

वुधबार वान्ता भएर स्वास्थ्यमा समस्या देखिएपछि बालक धनुषाको धनुषाधाम नगर पालिका ६ मालटोल बस्ने विक्रम कालिकोटेका ४ वर्षीय छोरा जेम्स कालिकोटेलाई हस्पिटल भर्ना गरिएको थियो ।

बिहीबार बहिान करिब १० बजे डिस्चार्ज गरेपछि मूलगेटमा पुगेकै




बेला बालक सिकिस्त भएर मृत्यु भएको थियो ।

उपचारमा लापरबाहीको कारण बालको मृत्यु भएको आरोप लगाउँदै घटनाको छानविन गरी दोषी डाक्टर र हस्पितललाई कारबाही, आवश्यक क्षतिपुर्तिको माग गर ेको थियो ।

तर मध्यराति क्रिया खर्च वापत १० लाख रुपैयाँ दिने सर्तमा मिलापत्र भएको आफन्त वीर बहादुर रयासलीले जानकारी दिए। 'क्रियाखर्च वापत १० लाख रुपैयाँ हस्पिटलले दियो । राति नै हामी शव बुझेर आयौं' हजुर बा पर्ने मिथला नगरपालिका २ नक्टाझिजका रसायलीले भने ।

मृतक बालकका मामा सुनिल परियाका अनुसार क्षतिपुर्ति ५० लाख रुपैयाँ, उपचारमा संलग्न चिकित्सकको लाइसेन्स खारेज र हस्पिटल शिल गर्नुपर्ने

*बाँकी पृष्ठ ४ मा*

## एक ७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा शिक्षक पक्राउ




**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**मंसीर ८ गते, महोत्तरी**

महोत्तरीको गौशालामा एक ७ वर्षीया बालिका (छात्रा) लाई बलात्कार गरेको आरोपमा शिक्षक पक्राउ परेका छन् ।

गौशाला नगरपालिका-५ स्थित गौशाला बजारमा रहेको गौशाला एकेडेमीमा अध्ययनरत ७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा गौशाला एकेडेमी बिधालयका सञ्चालक समेत रहेका ३३ वर्षीय शिक्षक जुगलकिशोर साहलाई पक्राउ गरीएको इलाका प्रहरी कार्यालय गौशालाका प्रहरी निरीक्षक मनोज यादवले बताए ।

अभिभाववकले इलाका प्रहरी कार्यालय गौशालामा विद्यालय सञ्चालक साह विरुद्ध गरेको जाहेरीको आधारमा पक्राउ गरिएको प्रहरी निरीक्षक यादवले बताए।

साहले बिहीबार टिफिन समयमा ललाइफकाई विद्यालय भवनको छतमा लगी बलात्कार गरेको बताइएको छ। अभिभावकले छोरी बिरामीजस्तो देखेपछि सोधपुछ गर्दा घटना बाहिरिएको र शुक्रबार बिहान इलाका प्रहरी कार्यालय गौशालामा घटनाबारे जानकारी गराएका थिए।

जाहेरीको आधारमा विद्यालय सञ्चालकलाई नियन्त्रणमा लिएर बलात्कार मुद्धामा जिल्ला अदालत महोतरीबाट अनुसन्धानकलागि ५ दिनको म्याद थप लिएको प्रहरी निरीक्षक यादवले बताए। पिडित बालिका र आरोपितको स्वस्थ्य परिक्षण गराएर अनुसन्धान प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

## स्रोत नखुलेको ८ लाख बढी रुपैयाँसहित महोत्तरीबाट दुईजना पक्राउ

**खबर दर्पण समाचारदाता**

**मंसीर ८ गते, महोत्तरी**

सशस्त्र प्रहरीले महोत्तरीको सम्सी नाकाबाट स्रोत नखुलेको नेपाली ८ लाख १० हजार ९ सय २० रुपैयाँसहित २ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्ने सम्सी गाउँपालिका-३ बस्ने २८ वर्षीय रमेशकुमार साह र रामगोपालपुर नगर पालिका, सहसौला बस्ने ३२ वर्षीय अनिल चौधरी रहेको प्रहरीले जनाएको छ।

भारतबाट नेपालतर्फ आउँदै गर ेको अवस्थामा दुवै जनालाई सम्सी गाउँपालिका-५ पोखरभिण्डा सीमा इलाकामा स्रोत नखुलेको रकमसहित पक्राउ गरिएको सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण महोत्तरीले जानकारी दिएको छ ।

भारतबाट नेपालतर्फ आउँदै गरेको मधेश प्रदेश ०२-००६प-१६२१ नम्बर प्लेटको मोटर साइकल रोकेर जाँच गर्दा ८ लाख १० हजार रुपैयाँ भेटिएको र त्यसको स्रोत खुलाउन नसक्दा पक्राउ गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

पक्राउ परेका व्यक्ति, मोटर साइकल र २ वटा मोबाइल अनुसन्धानको लागि जलेश्वर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल, नेपाल नं. ९ गण महोत्तरीले जनाएको हो ।


ए.एस.डी. अफसेट प्रेस

क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा


पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,



स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प



फ्लेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१९८१९

# क्षीरेश्वरनाथ नगरपालिकाको आयोजनामा नगर स्तरीय अन्तर वडा क्रिकेट प्रतियोगिता सुरु

## उद्घाटन खेलमा वडा नं. ३ ले वडा नं. ४ लाई ९९ रनले हरायो

**खबर दर्पण समाचारदाता**
**मंसीर ८ गते, महेन्द्रनगर**



क्षीरेश्वरनाथ नगरपालिकाको आयोजनामा नगर स्तरीय अन्तर वडा क्रिकेट प्रतियोगिता शुक्रवार देखि सुरु भएको छ। क्षीनपा ३ पकडियामा नगर स्तरीय अन्तर वडा क्रिकेट प्रतियोगिता सुरु भएको हो । नगरपालिकाको आयोजना र समता यूवा क्लव पकडियाको प्राविधिक सहयोगमा संचालित प्रतियोगिताको शुक्रवार भएको उदघाटन खेलमा वडा नं ३ ले वडा नं ४ लाई ९९ रनले हराउँदै विजयी हासिल गरेको छ।

उदघाटन खेलमा वडा नम्बर ४ र वडा नम्बर ३ बीच भएको खेलमा वडानम्बर ३ ले टस जितेर पहिलो ब्याटिङ्ग रोजेको थियो । टस जितेर पहिलो ब्याटिङ्ग रोजेका वडा नम्बर ३ ले निंधारित १४ ओभरमा ६ विकेटको क्षतीमा १ सय ५६ रन बनाएको थियो । निंधारित १४ ओभरमा १ सय ५७ रनको टार्गेट पाएको वडा नम्बर ४ टिम १० ओभर ५ वलमा सम्पुर्ण विकेट गुमाएर मात्र ५७ रनमा समेटिएको थियो ।



वडा नम्बर ३ का खेलाडी विकास मण्डलले ५०, लभ यादवले ४२, अमित मण्डलले २२, व्रिखेश यादव ले १० , दिलिप यादवले ७, दिपेन्द्रले ७ र कौसलले १ रनको योगदान गरेका थिए । भने वडा नम्बर ४ का सन्तोष पटेल बाहेक कसैले दोहोरो अंक जोड्न सकेनन् । सन्तोषले १६, इसराइलले ७, मौसमले २ रोशन चौधरीले १ र राजाले १ जोड्न मात्र सफल भए ।

आजको खेलको म्यान अफ दि म्याच वडा नम्बर ३ का खेलाडी लभ यादवलाई प्रदान गरिएको छ ।प्रतियोगितामा खेलाडीको हौसला बढाउन वि.एन.वि.होटलका संचालक विनय साह र समता यूवा क्लवका अध्यक्ष अजय सिंह दनुवार खेलमा प्रत्येक छक्का लगाउने खेलाडीलाई एक एक ओटा रेडबुलको व्यवस्था गरेको आयोजकले जानकारी दिएका छन् ।

स्वास्थ्यको लागि खेलकुद र ाष्ट्रको लागि खेलकुद नारा साथ सुरु भएको खेलको उद्घाटन समारोहमा नगर प्रमुख सुखदेव यादवले प्रतियोगितामा सहभागी सम्पुर्ण खेलाडीहरुलाई बँधाई दिदैं यूवाहरुलाई खेल प्रतिको रुची बढाउन प्रतियोगिताको आयोजना गरिएको र अगामी दिनमा पनि नगरपालिका द्धारा विभिन्न खेलको आयोजना गर्ने प्रतिवद्धता जनाए ।

त्यस्तै कार्यक्रममा विशिष्ठ अतिथीको रुपमा उपस्थित नगर उप-प्रमुख रचना श्रेष्ठ माथेमा अहिले यूवाहरुमा क्रिकेट प्रतिको रुचीलाई मध्यनजर गर्दै क्षीरेश्वर नाथ नगरपालिकाले आफनो जिम्मेवारी बुझी नगर भित्रका सम्पूर्ण वडाबाट खेलाडी सहभागी हुनेगरी कार्यक्रमको आयोजना गरिएको बताए ।

नगरपालिका द्धारा संचालित नगर स्तरीय अन्तर वडा क्रिकेट प्रतियोगितामा जम्मा ९ ओटा टिमको सहभागिता रहेको भने प्रतियोगिता ४ दिन सम्म चलने आयोजक समितिले जानकारी दिएका छन् । प्रतियोगिता प्रथम र द्धितिय हुने टिमलाई नगद पुरस्तकारको साथै प्रमाणपत्र सिल्ड , कप प्रदान गरिनुको साथै प्रत्येक दिनको प्रत्येक खेलमा म्यान अफ दि म्याच र फाइनलमा म्यान अफ दि टुनामेन्ट, बेस्ट ब्याट्स म्यान, बेस्ट बलर र बेस्ट किपर अवार्ड प्रदान गरिने आयोजकले जनाएको छ।

समता यूवा क्लवका अध्यक्ष अजय सिंह दनुवारको अध्यक्षता र नगर प्रमुख सुखदेव यादवको प्रमुख आतिथ्यतामा आयोजित उदघाटन समारोहमा वडा नम्बर ४ का अध्यक्ष जगदिस यादव, वडा नम्बर ६ का अध्यक्ष विनोद गुप्ता, शिक्षा शाखाका काशिम राईन, राजस्व तथा जेन्सी शाखा प्रमुख सरोज कुमार रजक, वि.एन.वि.होटलका संचालक विनय साह, शिक्षा समिति सदस्य सुजित कापरी, विभिन्न वडाका वडा सचिव, समता यूवा क्लवका सदस्य लगायत स्थानिय खेल प्रेमीहरुको उपस्थिती रहेको थियो।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष -** मिष्ठान्न भोजन, मान-सम्मान प्राप्त हुने, धनलाभ हुने, सुख प्राप्त हुने र कामको जिम्मेवारी बढ्ने योग छ। स्वास्थ्य प्रतिकूल रहने, शरीरमा आलस्यता हुनेछ। साताको अन्त्यमा काममा असफलता, धनको नाश हुने योग छ ।

**वृष-** काममा बाधा, खर्च वृद्धि हुनेछरु। परिवारबाट सुख, आम्दानीमा सुधार, काममा सफलता हात लाग्नेछरु। शुक्रबार भने मनमा डर-चिन्ता रहनेछ। धार्मिक यात्राको योग छ ।

**मिथुन-** दाजु-भाइको सहयोगबाट आम्दानी हुनेछ। साताको अन्त्यमा मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ । अपूरा कार्य पूर्ण हुनेछन्। अनावश्यक खर्च बढ्नेछ।

**कर्कट -**साताको सुरुमा शत्रुले दु:ख दिने, मनमा डर रहने, पेटसम्बन्धी समस्याले सताउनेछरु। आयआम्दानीको स्रो बढ्नेछरु। साताको अन्त्यमा सर कारी काममा सफलता र नोकरीमा उन्नति हुने योग छ ।

**सिंह -** आय आर्जनमा गतिरोध आउनेछ। राजनीतिमा सफलता प्राप्त हुनेछ। दैनिक कार्यमा प्रशंसा प्राप्त हुनेछ।

**कन्या -** परिवारबाट सन्तोष मिल्ने, आपसी समझदारीबाट काम सफल हुने, र आम्दानी बढ्नेछ तथा सोचेको काम पूरा हुनेछरु। स्वास्थ्य तथा यात्रामा असफलता हात लाग्नेछ ।

**तुला -** स्वास्थ्य प्रतिकूल रहने, यात्रामा बाधा आउनेछ । रोगको नाश हुने, मिष्ठान्न भोजन प्राप्त हुने, मान-सम्मान प्राप्त हुने र कामको जिम्मेवारी बढ्नेछ ।

**वृश्चिक -** काममा अपजस हात लाग्नेछरु। मिष्ठान्न भोजन प्राप्त हुने, चाहेको वस्तु सजिलै प्राप्त हुनेछ। छ ।

**धनु -** चाहेको वस्तु सजिलै प्राप्त हुनेछन्। साताको अन्त्यमा समय अनुकूल रहनेछ। आम्दानी राम्रो हुनेछ, काममा सफलता मिल्नेछ। प्रेमीका संग यात्राको योग छ ।

**मकर -** मनमा उत्साह बढ्नेछ। दिनको उत्तरार्द्धमा मानसिक थकान बढ्नेछ। आफन्तसँगको भेटले मन प्रफुल्ल बन्नेछ। कान्तिक्षय हुनेछ।

**कुम्भ -**सुख प्राप्त हुने, धनलाभ हुने, शत्रुको नाश हुने, मिष्ठान्न भोजन मिल्ने, मान-सम्मान प्राप्त हुने, आम्दानीमा सुधार हुनेछ।

**मीन -**सरकारी काममा सफलता हुनेछरु। दाजु-भाइसँग भेट हुने योग छ। आम्दानीमा राम्रो सुधार हुनेछरु। बौद्धिक व्यक्तिसँग भेटघाट हुनेछ। धार्मिक यात्राको योग रहेको छ ।उपहारआदी प्राप्त हुनेछ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सडकले असान्त वनाएको एउटा गाउँको कथा, जहाँ अदालतको आदेशको समेत अटेर गरिन्छ

बिशाल बस्नेत

**मंसीर ८ गते, महोत्तरी**



गाउँको सुविधाका लागी बनाइएको एउटा सडकले गाउँलेहरु विचमा नै कलह सिर्जना गऱ्यो भन्दा धेरैलाई अचम्म लाग्न सक्छ तर महोत्तरीको वर्दिवासस्थित भित्री गाउँमा रहेको सडक नै स्थानियहरुको असान्तको कारक वनेको छ ।

बर्दिवास ६ स्थित कृष्णपुरमा २०५४ सालमा नै खोलिएको साखा सडकलाई अहिले पुर्णरुपमा अतिक्रमण गरिएको छ भने सडकको विच भागमा विरुवाहरु समेत रोपिएको छ ।

२०५४ सालमा तत्कालीन गाविस अध्यक्ष बिदुर कार्कीले खोलेको यो सडकले गाउँमा कसरी असान्त मच्चायो भन्ने विषय थाहा पाउन ५ बर्ष अगाडि फर्कनुपर्छ ।

यो सडकको दायाँबायाँ विशेष गरि स्थानिय तेजिलाल महतो र मकसुदन महतोको जग्गा छ। दुवै सदियारहरुले आधा(आधा जग्गा १३ फिट सडकको लागी प्रयोग गर्ने सहमति भएको थियो ।

तर २०५४ सालमा भएको सहमतिमा स्थानियहरुले अमिन ल्याएर जग्गा नपाएपछी एकाएक बिथोलियो । स्थानिय अमिनले गरेको नापजाँच अनुसार गाउँको नै सम्पुर्ण जग्गा लालपुर्जा अनुसार भोगचलन नभएको निष्कर्ष निकालियो ।

यही नापजाँच नै गाउँलेहरुको लागी अभिसाप मात्र बनेन बर्षौंदेखी



यथास्थानमा भोगचलन गर्दै आएका स्थानियहरुले जग्गा कै कारण दिन्हु झगडा गर्न थाले ।

गाउँ असान्त वन्दै गएपछी स्थानिय राजनिती दलहरुले पुर्व भोगचलन अनुसार नै यथास्थानमा उपभोग गर्ने सहमति समेत वनेको थियो।

यही क्रममा तत्कालिन समयमा गाविस अध्यक्ष रहेका विदुर कार्की २०७४ मा नगरप्रमुखमा निर्वाचित भए ।

एक गाउँ देखि अर्को गाउँ जोडने र कृषि उपजहरुलाई बजारसम्म पुऱ्याउन पुलको काम गर्न सक्ने भएकाले यो सडकलाई स्थानिय सरकारले समेत प्राथमिकतामा राख्यो ।

जव सडक स्तरोन्न्ती गर्ने सन्दर्भमा वजेट विनियोजन भयो तव मकसुदन महतो अमिनले गरेको नापजाँचमा आङ्ग+ नो जग्गा सडकमा वढी पर्ने भन्दै २०७५ साल भदौ(८ गते निवेदन बोकेर जिल्ला अदालत महोत्तरी पुगेका थिए ।

त्यसपछी सुरु भएको विवाद अहिलेपनी उत्कर्षमा छ ।

## मकसुदनको रिट नै खारेजी भएको थियो

मकसुदनको रिटलाई बर्दिवास नगरपालिकाको न्यायिक समितिको निर्णय र नापनक्साअनुसार पनि जग्गा बढी पर्ने आधारहरु नदेखीएपछी जिल्ला अदालत महोत्तरीले खारेजी गरेको थियो ।

जिल्ला अदालत महोत्तरीले २०७७ साल कात्तिक(३ गते गरेको फैसलामा यथास्थानमा सडक खोल्न अनुमती दिएको छ तर अचम्म लाग्दो त काहानीर छ भने मकसुदनले भने यस्लाई अटेर गरिरहेको देखिएको छ ।

अर्का स्थानिय तेजिलाल महतो भने पुर्व भोगचलन भएअनुसार आधा जग्गा दिन तयार रहेको भन्दै सडक खोल्नुपर्ने अडान लिदै आएका छन ।

एकथरी गाउँलेहरु तेजिलाललाई समर्थन गर्ने र अर्कोथरी गाउँलेहरु मकसुदनलाई समर्थन गर्दा दुई पक्षविच झगडा दिन्हु बढदै गएको देखिएको छ ।

यो विषयमा स्थानिय राजनिती दलका केही नेताहरु समेत हावी भएका छन। नेपाली काङ्ग्रेसका स्थानिय नेता राजकुमार महतोलाई कतिपयले मुख्य झगडाको कारककोरुपमा लिने गरेका छन । उनै महतोले अमिन ल्याएर जग्गा नापजाँच गरेपछी स्थानियहरु विथोलिएको स्थानिय युवा सुर्यदेव महतो वताउछन ।

तर महतोले भने २०५४ सालमा खोलेको यथास्थानवाट सडक खोलिनुपर्ने विषयमा आफू स्पष्ट रहेको वताएका छन । यस्को विषयमा अहिलेका नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीसगँ दर्जनौ पटक कुराकानी भैइसकेको पनि उन्ले वताए ।

## नगरले लिएको पहलकदमी पटकपटक विफल

२०७५ साल देखि नै बर्दिवास (जलेश्वर जाने हुलाकी सडक देखि पश्चिम र भोटे खोलासम्मको उक्त सडक खुलाउन अवरोध भएको देखिएको छ ।

२०७५ साल बैसाख २४ गते गाउँमा थप झगडा नहोस भन्ने उदेश्यले नगरले अमिन खटाएर तेजिलाल र मकसुदनको जग्गाको विच भागवाट सडक निकास निकाल्ने सहमती भएको थियो ।

उक्त सहमतिलाई आधार वनाएर २०७७ साल चैत २४ गतेवाट कार्य नै पारम्भ गर्ने तेजिलाल र मकसुदनविच लिखित सहमती समेत भयो ।

सहमतिपछि निर्णय कार्यान्वयन गर्न स्थानिय सरकारले पटकपटक प्रयास गरेको पनि देखिएको छ ।

'उक्त विवाद सावधान गर्न म स्वयम लागि परेको थिए ।' पुर्व नगर प्रमुख बिदुर कार्कीले भने , 'त्याहा सहमती उल्लंघन गरेको हुदा एक्सनमा नै जानुपर्ने देखिन्छ ।'

२०५४ सालमा साविकको वडा न.८ को उक्त ठाउँवाट आफैले सडक संजाल विस्तार गरेको वताउदै यथास्थानवाट सडक वनाउनु पर्नेमा कार्कीले जोड दिए ।

पुराना प्रमाणहरुलाई नै आधार वनाएर सडक वनाउने अहिलेका नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीले पनि प्रतिबद्धता जनाएका छन । तिहार तथा छठका कारण छलफल गर्न नपाएको वताउदै नगर प्रमुख क्षेत्रीले पुरानो यथास्थितिमा नै सडक वनाइने वताए ।

नगरप्रमुख क्षेत्रीले यसअघि पनि प्रयास गरेको तर नसकेको हुदा स्थानियहरुले भने उन्को प्रतिबद्धतामाथी विस्वास गर्न सकेका छैनन । २०८० असार २८ गतेपनी नगरवाट सडकको भाग छुट्याउन प्रयास गरेको देखिएको छ ।

मकसुदनले हालेको निवेदन उपर जिल्ला अदालतको फैसला र तत्कालिन समयमा न्यायिक समितिले गरेको निर्णयलाई अहिले पनि सदर गरेको व्यहोराको पत्र मार्फत न्यायिक समितिकी संयोजक तथा उपप्रमुख तारादेवी महतोले जानकारी गराएकी छन् ।

कागजात र प्रमाणहरु हेर्दा मकसुदनले नै न्यायिक समिती र अदालतको आदेशलाई अटेर गरेको देखिएको छ । अन्य विषय जेजस्तो भएतापनी मकसुदन नै मुख्य झगडाको कारक रहेको कतिपय स्थानियको समेत बुझाई छ ।

स्थानियवासी भोला सेन्चुरी, विनोद यादव, रमेश साह, सन्तोष महतो, राजविर महतो लगायतले जग्गाको लोभको कारण सडक नै अतिक्रमणमा परेको वताए ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# जनकपुर न्यूरो हस्पिटलमा बालक मृत्यु ....

सहितको मृतक परिवारको सर्त थियो। तर १० लाख रुपैयाँ दिने सहमति भएको उनले पनि पुष्टि गरे। मृतक बालकको ठूलबुबा टिकाराम कालिकोटे आइसकेपछि उनीहरुकै उपस्थितमा मिलापत्र भएको सुनिलको भनाइ छ।

घटनापछि मिल्न र लास हस्पिटलबाट उठाएर लग्न प्रहरीले दबाब बनाएको थियो। मिलापत्रको बेला जिल्ला प्रहरी कार्यालय धनुषाका कार्यशाखाका प्रहरी निरीक्षक विनय कुमार सिंहको कमाण्डको टोलि त्यहाँ उपस्थित रहेका थिए।

धनुषाका प्रहरी प्रवक्ता रञ्जन अवाले पनि राति नै मिलापत्र गरी मृतक परिवार शव लिएर घर पुगेको बताए। यधपी के सर्तमा मिलापत्र भयो भन्ने कुरा प्रहरी निरीक्षक नै त्यहाँ हुँदा भएकोले उनैलाई थाहा भएको डिएसपी अवाको भनाइ छ।

'इन्सपेक्टर सिंह मध्यराति नै मृतक परिवार र हस्पिलबिच सहमति भयो भनेर भन्नु भयो। राति नै मृतक परिवारले शव बुझेर घर फर्कियो। तर के के सहमति भयो भनेर बुझेकै छैन। इन्सपेक्टर साहब सुत्नु भएको छ, बुझ्नै पर्छ' डिएसपी अवाले भने।

वार्तामा बस्नु अघि नै मृतक बालकका ठूलबुबा टिकारामले राति साढे ८ बजे आफूलाई हस्पिटलमा इन्सपेक्टरले बार्तामा बस्न दबाब दिइरहेको र हातपात गर्न खोजेको गुनासो यस सम्वादातालाई फोन गरेर पोखेका थिए।

त्यसअघि साँझ हस्पिटल अगाडी मृतक परिवारले टायर बालेर प्रदर्शन गर्दै ढंगामुढा गरेका थिए। त्यसमा संलग्न रहेको आरोपमा प्रहरीले मृतक बालकका मामासहित ६ जनालाई नियन्त्रणमा लिएको थियो।

त्यहाँ उपस्थित मृतकका आपन्तका अनुसार प्रहरीले पहिले वार्तामा बसेर सहमति गरेर शव अस्पतालबाट उठाए मात्र पक्राउ गरेकालाई छाड्ने सर्त राखेका थिए। तर, पहिला पक्राउ परेकालाई छाडे मात्र वार्तामा बस्ने सर्त मृतक परिवारले र ाखेपछि प्रहरीले करिब १० बजे राति छाडेको थियो। त्यसपछि हस्पिटल र मृतक परिवार वार्तामा बसेको थियो। प्रहरीले भने जसरी पनि सहमति गर्नु पर्ने दबाब दिएको थियो।

जनकपुरको मुरलीचोकमा २०७८ फागुनदेखि डा. विजय राउतले संचाल गरेको यो हस्पिटल हालसम्म संचालन अनुमति लिएको छैन। विशिष्टिकृत हस्पिटलको रुपमा संचालनमा रहेको यो हस्पिटलको मापदण्ड पुरा नगर्दा स्वास्थ्य सेवा विभागले संचालन स्वीकृति दिन अस्वीकार गर्दै आएको छ। चर्को उपचार शुल्क लिने यस हस्पिटलमा क्षमता भन्दा बाहिर गएर बिरामीको जवरजस्ती उपचार गर्दा पटक पटक मृत्यु, शुल्क बुझाउन नसक्दा बिरामी र शवलाई बन्धकसम्म बनाएको घटनाहरु हुने गरेको छ। तर कुनै पनि सरकारी संयन्त्रले हालसम्म कारबाही गरेको छैन।

मृतकलाई रकम दिएर घटना ढाकछोप गरिएको जनकपुर धामको न्यूरो हस्पिटल मात्र होइन। यसअघि जनकपुरको गोदाबरी हस्पिटल, रामजानकी हस्पिटल, सुरक्षा हस्टिल लगायतमा यस्ता घटनाहरु हुँदा प्रहरी प्रशासनले छानविन गरी दोषीलाई कारबाही गर्नुको साटो मिलापत्र गराउने र दोषी उम्काउनेमा भूमिका खेल्दै आएका छन्। हालसम्म कसैलाई कारबाही गरिएको छैन।

# डेंगु रोग नियन्त्रणको लागि बर्दिवासमा किटनाशक स्प्रे अभियान सुरु




**खबर दर्पण समाचारदाता**
**मंसीर ८ गते, बर्दिवास**

लामखट्टेको टोकाइबाट लाग्ने डेंगु रोग नियन्त्रणको लागि बर्दिवास नगरपालिकाले सर्च एण्ड डिस्ट्रोय अभियान का साथै डेंगु गराउने लामखट्टेको लागि औषधी स्प्रे गर्ने कार्यक्रम सुरु भएको छ। डेंगु नियन्त्रणको लागि संरोकार वालाहरुसंग भएको छलफल पश्चात नगरपालिकाले संक्रमितहरुको अवस्थाको जानकारी दिन र डेंगु नियन्त्रणको प्रयास प्रभावकारी बढाउन हेल्प डेस्क स्थापना, सर्च एण्ड डिस्टोय कार्यक्रम, स्वास्थ्य शिक्षा, घर दैलो कार्यक्रम, औषधी स्प्रे गर्ने समेतको कार्यक्रम योजना तर्जुमा गरेको बर्दिवास नगर पालिकाका मेयर प्रहलाद कुमार क्षेत्रीले जानकारी दिनुभयो।

बिहिबारबाट डेंगु रोग बारेमा जानकारी दिने र सर्च एण्ड डिस्ट्रोय अभियान थालनी गर्नुका साथ औषधी स्प्रे छर्नेकाम भई रहेको स्वास्थ्य शाखा संयोजक सुरेश पासवानले जानकारी दिनुभयो।

डेंगु नियन्त्रण प्रभावकारी सर्च एण्ड डिस्ट्रोय कार्यक्रम, नगरिक जनचेतनाका साथै स्वास्थ्य शिक्षा, घरदैलो कार्यक्रम गरि सुचना दिने गरि कार्यक्रम गरिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत किरण निधि तिवारीले बताउनुभयो।

बर्दिवास नगरपालिका डेंगु रोगको उच्च जोखिममा रहेको भन्दै सर्च एण्ड डिस्ट्रोय र स्वास्थ्य शिक्षा प्रभावकारी बनाईने शाखा संयोजक पासवानले बताउनुभयो।

यता बर्दिवास नगरपालिकाका बजार व्यवस्थापक समितिका संयोजक पुण्य प्रसाद गौतमका नेतृत्वमा औषधी स्प्रे छर्नेकाम जिम्मा दिएको नगरप्रमुख क्षेत्रीले बताउनुभयो।

## सूचना ! सूचना !!! सूचना !!!

उपरोक्त सम्बन्धमा जिल्ला धनुषा सखुवा महेन्द्रनगर गा.वि.स. वडा नं. ३ हाल परिरवर्तित जि.धनुषा क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ६ मा बस्ने जुगती साह सुडीको छोरा वर्ष ३३ को शैलेन्द्र कुमार साहले ऐ.ऐ. मा बस्ने जुगती साह सुडीको छोरा वर्ष ४७ को बैजनाथ साहलाई मिति २०७२।०७।१७ गते को दिन जिल्ला धनुषा गा.वि.स. हरिहरपुर वडा नं. १ ख सि.नं. १५२४ कि.नं. ४७६३ को ०-०-५ जग्गा दर हस्तान्तरण तथा बिक्री वितरण गर्नको लागि अधिकृत वारिसनामा गरेकोमा अब उप्रान्त उक्त कार्य म आफै गर्ने भएको हुँदा उक्त अधिकृत वारिसनामा बदर गरि दिएको जानकारी यसै सूचना मार्फत जानकारी गराईन्छ।

## जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

**नगराईन नगरपालिका, धनुषा**

## सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा